सरकारद्वारा अनिवार्य परीक्षण सूचना राजपत्र जारी

**************************************

सरकारले रोग रोकथाम तथा नियन्त्रण (केही व्यक्तिहरुलाई अनिवार्य परीक्षण गर्नुपर्ने) नियमन (क्याप 599J) अन्तर्गतको शक्तिको प्रयोग गर्दै सो अनुसार र राजपत्रमा अनिवार्य परीक्षण सूचना प्रकाशन गरे अनुसार, निर्दिष्ट समयमा विशेष सात परिसरमा उपस्थित भएका कुनै पनि व्यक्तिले (त्यस व्यक्तिले अनिवार्य परीक्षण गर्नुपर्ने ) COVID-19 न्यूक्लिक एसिड परीक्षण गर्नु पर्ने हुन्छ ।

खाद्य तथा स्वास्थ्य ब्यूरो (फूड एण्ड हेल्थ ब्यूरो) (FHB) का प्रवक्ताले आज (जनवरी 18 ) भने, " यो छोटो अवधिमा हालसालै जोर्डन र याउ मा तेईका जिल्लाहरुमा धेरै संख्यामा पुष्टि भएका केसहरु भेटिएका छन् । सो जिल्लामा संक्रमणको प्रसारणलाई छिटो भन्दा छिटो रोक्न, सरकारले पूर्वमा नेथन रोड,उत्तरमा रहेको कन्सु स्ट्रिट, फेरी स्ट्रिटको पश्चिम सिमानामा तोकिएका क्षेत्रहरु र दक्षिणका जोर्डन रोडमा बसोबास गर्नेहरुका लागि अनिवार्यताको आधारमा अनिवार्य परीक्षण गराउने थप कदम चाल्ने सरकारले पूर्व निर्णय गरिसकेको छ । तोकिएका क्षेत्र भित्र, दुई वा सोभन्दा धरै युनिटहरुमा महामारीको एक अर्कासँग सम्बन्धित नभएको पुष्टि भएका भवनहरु बाहेक, विगतमा 14 दिनहरुमा एक वा बढी केसहरु पुष्टि भएका भवनहरुलाई पनि क्याप 599J अन्तर्गत अनिवार्य परीक्षण सूचनामा समावेश गरिनेछ । पछिल्लो 14 दिनहरुमा प्रासंगिक भवनहरुमा उपस्थित भएका व्यक्तिहरुले पनि अनिवार्य परीक्षण गर्नु पर्ने हुन्छ । माथिका मापदण्ड पूरा गर्ने सात भवनहरुलाई आज अनिवार्य परीक्षण सूचनामा समावेश गरिएको छ ।"

“अनिवार्य परीक्षणको अधिनमा रहेका व्यक्तिहरुले अनिवार्य परीक्षण सूचनाहरुको अनुपालनमा सरकारले गम्भीरतापूर्वक अनुसरण गर्नेछ र महामारीको विकासलाई ध्यानमा राख्दै माथिको निर्दिष्ट क्षेत्रको अनिवार्य परीक्षण प्रबन्धको निरन्तर समीक्षा गर्नेछ । निर्दिष्ट क्षेत्रको समुदायमा संक्रमण जोखिम उच्च हुन सक्ने हुनाले, सरकारले सो इलाकाका बासिन्दाहरूलाई उनीहरू अनिवार्य परीक्षणको अधीनमा छैनन भने पनि छिटो र सक्रिय रुपमा परीक्षण गर्न प्रोत्साहित गर्दछ । घुम्ती (मोबाइल) नमूना संकलन स्टेशनहरूले सो क्षेत्रका सबै बासिन्दाहरूको लागि निःशुल्क परीक्षण सेवा प्रदान गर्दछ चाहे उनीहरू अनिवार्य परीक्षणका भागि हुन् वा नहुन । "

अनिवार्य परीक्षण सूचनाका विवरणहरु निम्नानुसार छन्:

यदि कोही व्यक्ति निम्न निर्दिष्ट परिसर मध्येमा जनवरी 5 देखि जनवरी 18, 2021(समावेश तर आगन्तुक, बासिन्दा र कामदारहरुमा मात्र सीमित छैन) भित्र दुई घण्टा भन्दा धेरै समयको लागि उपस्थित हुनु भएको थियो भने, उनीहरुले जनवरी 21, 2021 सम्ममा परीक्षण गर्नु पर्ने हुन्छ । यदि अनिवार्य परीक्षणको अधीनमा परेका व्यक्तिहरुले जनवरी 16, 2021 देखि जनवरी 18, 2021 सम्ममा परीक्षण गरिसकेका छन् भने उनीहरुलाई अनिवार्य परीक्षण सूचनामा निर्धारित आवश्कताहरुको पालना गरिएको भनि मानिनेछ ।

1. 184-186 Shanghai Street, Yau Tsim Mong
2. Hang Fook Building, 170-174 Shanghai Street, Yau Tsim Mong

3. 16-18 Reclamation Street, Yau Tsim Mong
4. Bo Lun Building, 28-34 Battery Street, Yau Tsim Mong
5. Siu Hing Building, 230-236 Temple Street, Yau Tsim Mong
6. 542-544 Canton Road, Yau Tsim Mong
7. 161-163 Temple Street, Yau Tsim Mong

Kwun Chung Sports Centre र Jordan Road र Saigon Street (Jade Street पनि भनिने) Canton Road बीचको घुम्ती (मोबाइल) नमूना संकलन स्टेशनले अनिवार्य परीक्षणको अधीनमा परेका व्यक्तिहरुलाई अन्य जिल्लाहरुका बासिन्दाहरुलाई निःशुल्क परीक्षण सेवा प्रदान गर्न जारी राख्नेछ । सर्वसाधारणहरुलाई निःशुल्क COVID-19 न्यूक्लिक एसिड परीक्षण प्रदान गर्ने विभिन्न जिल्लाहरुको घुम्ती नमूना संकलन स्टेशनहरु सञ्चालन मिति तथा सञ्चालन समय एनेक्समा उल्लेख गरिएको छ । घुम्ती नमूना संकलन स्टेशनहरु बाहेक, अनिवार्य परीक्षणको अधीनमा परेका व्यक्तिहरुले निःशुल्क परीक्षण प्राप्त गर्न सबै जिल्लाहरुको कुनै पनि परीक्षण केन्द्रहरुमा जान सक्छन् ।

अनिवार्य परीक्षणको अधीनमा पर्ने व्यक्तिहरुले निम्न माध्यमहरु मार्फत परीक्षण गर्न सक्नुहुन्छ:

1. कुनै एक घुम्ती नमूना संकलन स्टेशनहरुमा जाँच गर्न जानको लागि (सूची र लक्षित समूहहरु बारे (यदि लागू भएमा) www.coronavirus.gov.hk/eng/early-testing.html मा) हेर्नुहोस् ;

2. कुनै पनि एक सामुदायिक परीक्षण केन्द्रहरुमा उपस्थित हुन www.communitytest.gov.hk/en/) सूचीमा हेर्नुहोस् ;

3. घाँटीको भित्र पट्टीबाट निकालेको र्‍याल(खकार)को नमूना संकलन प्याक प्राप्त गर्नका लागि कुनै पनि 121 पोष्ट अफिसहरु, 20 MTR स्टेशनमा स्थापित भेन्डिङ मेशिनहरु वा अस्पताल प्राधिकरणले तोकिएका 47 जनरल बाहिरिंग(आउटपेशेन्ट)क्लिनिक(GOPCs) जान सक्नुहुन्छ र नमूनालाई निर्दिष्ट नमूना संकलन स्थानहरुमा फर्काइनुहोस् (वितरण स्थानहरु तथा समय, नमूना संकलन स्थानहरु र समय बारे www.coronavirus.gov.hk/eng/early-testing.html मा हेर्नुहोस् );

4. अस्पताल प्राधिकरणको कुनै पनि GOPC हरुमा एक दक्ष / पेशेवर चिकित्साको निर्देशन अनुसार परीक्षण गरिनेछ;

5. स्वास्थ्य विभाग (DH) द्वारा मान्यता प्राप्त निजी प्रयोगशालाहरुद्वारा प्रदान गरिने स्वयं-व्यवस्था परीक्षण गर्न र परीक्षणको परिणामहरु SMS द्वारा सूचना जारी गर्नेछ (सूचीहरु www.coronavirus.gov.hk/pdf/List_of_recognised_laboratories_RTPCR.pdf मा हेर्नुहोस्) ; वा

6. सान्दर्भिक दिशानिर्देशनहरु बमोजिम स्वास्थ्य संरक्षण केन्द्रद्वारा(द सेन्टर फर हेल्थ प्रोटेक्शन) सम्बन्धित निर्दिष्ट परिसरमा वितरण गरिएको नमूना बोतल प्रयोग गर्न (यदि लागू भएमा), र नमूना संकलन गरेको

बोतल फिर्ता गर्नुहोस् ।

प्रवक्ताले सचेत गरे कि अस्पताल प्राधिकरणको दुर्घटना तथा आपतकालीन विभागमा वा अस्पतालमा भर्ना भएको समयमा, वा निजी प्रयोगशालाहरुद्वारा प्रदान गरिएको परीक्षणको परिणामहरु SMSद्वारा सूचना जारी गरिनेछैन, उल्लिखित अनिवार्य परीक्षण सूचनाको आवश्यकताहरुमा लागू हुनेछैन ।

"यदि अनिवार्य परीक्षण गर्ने व्यक्तिहरुमा लक्षणहरु देखा परेमा, उनीहरुले तुरुन्त मेडिकल उपचार लिनुपर्दछ र दक्ष/पेशेवर चिकित्साको निर्देशन अनुसार परीक्षण गराउनु पर्दछ । तिनीहरुले घुम्ती (मोबाइल) नमूना संकलन स्टेशनहरु वा सामुदायिक परीक्षण केन्द्रहरुमा जानु हुँदैन ।"

अनिवार्य परीक्षण गर्नुपर्ने व्यक्तिहरुले कानून प्रवर्तन अधिकृतद्वारा जाँचप्रचाल गर्दा परीक्षणको नतिजा भएको SMS सूचना राख्नु पर्दछ जब अधिकारीले सो व्यक्तिहरुलाई उनीहरुको निर्दिष्ट परीक्षण बारे जानकारी प्राप्त गर्न आवश्यक हुन्छ ।

यसबाहेक, अनिवार्य परीक्षण सूचना अन्तर्गत परीक्षणको अधीनमा रहेका व्यक्तिहरुले सकेसम्म व्यावहारिक रुपमा मास्क लगाउनु र हातको स्वच्छता कायम गर्नु जस्ता उपयुक्त व्यक्तिगत रोगको रोकथाम उपायहरु लिनुपर्दछ, र निर्दिष्ट परीक्षण पारित गर्ने प्रयोजन बाहेक, तिनीहरु आफ्नो निवासमा बस्नुपर्दछ र सकेसम्म परीक्षणको परिणाम नआएसम्म बाहिर नजानुहोस् ।

अनिवार्य परीक्षणको प्रबन्ध बारे  कुनै पनि सोधपुछ गर्नु परेमा 6275 6901 को हटलाइनमा सम्बोधन गर्न सकिन्छ, जुन दैनिक बिहान 9 बजे देखि साँझ 6 बजे सम्म संचालनमा हुन्छ । यदि अनिवार्य परीक्षण योजनाको अधीनमा हुने व्यक्तिहरुले कुनै पनि सामुदायिक परीक्षण केन्द्रहरुमा परीक्षण गर्न चाहेमा, उनीहरुले केन्द्रको नियुक्ति स्थिति बारे अग्रिममा जाँच गर्न सक्दछन्।  सामुदायिक परीक्षण केन्द्रहरुको हटलाइनहरु www.communitytest.gov.hk/en/info/  मा उपलब्ध छन् ।

सरकारले सम्बन्धित परिसरमा उपस्थित भएका सम्भावित संक्रमित व्यक्तिहरु पत्ता लगाउन जारी राख्नेछ र तिनीहरुले परीक्षण सूचनाको पालना गरेको छ वा छैन भन्ने बारे गम्भीरतापूर्वक प्रमाणित गर्नेछ । परीक्षण सूचनाको पालना नगर्ने जो कोहि व्यक्तिले अपराध गरेको ठहर हुनेछ र $5,000 को एक निश्चित रुपमा जरिवाना लाग्न सक्नेछ । सो व्यक्तिलाई निर्धारित समय भित्र एक अनिवार्य परीक्षण गर्नु पर्ने आदेश जारी गर्न सकिनेछ । आदेशको पालना नगरेमा अपराध ठहरिनेछ र अपराधीलाई स्तर 4 को ($ 25,000) जरिवाना र छ महिनाको कैद हुन सक्नेछ ।

सहायक चिकित्सा सेवाका सदस्यहरु र स्वास्थ्य विभाग(DH), गृह मामिला विभाग, समाज कल्याण विभाग, आवास विभाग र हङकङ प्रहरी बल जस्ता विभागका सम्बन्धित अधिकारीहरुलाई रोग रोगथाम तथा नियन्त्रण अध्यादेश (Cap. 599) अन्तर्गत सम्बन्धित नियमन अन्तर्गत केही कार्यहरु गर्न अधिकार दिइएको छ । कुनै व्यक्ति जो सान्दर्भिक अनुरोधको पालना गर्न असफल हुन्छ, उसले/उनले अपराध गरेको ठहरिन्छ र स्तर 3

($10000) को जरिवानाको लागि उत्तरदायी हुनेछ । COVID-19 परीक्षणहरु सञ्चालनको लागि कुनै पनि व्यक्तिगत विवरणहरुको संङकलन र प्रयोग व्यक्तिगत विवरण (गोपनियता) अध्यादेश (क्याप 486) अन्तर्गत आवश्यकताहरु पूरा गर्नै पर्दछ । सान्दर्भिक जानकारी सम्हाल्ने सरकारी विभागहरु र परीक्षण सेवा प्रदायकहरुले महामारी रोकथाम गर्ने उद्देश्यको लागि विवरणहरु आवश्यक भए अनुसार प्रदान गर्दछ । सो कार्यप्रवाहले कुनै व्यक्तिगत विवरणको प्रावधान हङकङ बाहिरको कुनै पनि संस्था वा व्यक्तिहरुलाई समावेश गर्दैन ।

प्रवक्ताले भने, "सरकारले आफ्नो स्वास्थ्य सम्बन्धी शंका भएका सबै व्यक्ति वा संक्रमणको जोखिममा परेका व्यक्तिहरुलाई (जस्तै महामारी फैलिएको ठाउँहरुमा भ्रमण गरेका वा संक्रमित व्यक्तिको सम्पर्कमा आएका व्यक्तिहरु), प्रारम्भिक जाँच पहिचानका लागि तुरुन्तै परीक्षण गर्न आग्रह गर्दछ । FHBले महामारीको घटनाक्रम र परीक्षण सहभागिता दरलाई ध्यानमा राखी विशेष समूहहरुको सम्बन्धमा अनिवार्य परीक्षण सूचनाहरु प्रकाशित गर्नेछ । "

समाप्त/ सोमबार, जनवरी 18, 2021
जारी समय HKT 23:25